# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# सत्रौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

**१. वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको सत्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको सत्रौं वार्षिक साधारण सभाको सूचना मिति २०८०/०६/०४ गते बसेको सञ्चालक समितिको ४२९ औं बैठकले निर्णय गरे अनुसार मिति २०८०/०६/०५ गते शुक्रबारको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०८०/०६/१४ गते आइतबारको हिमालय टाइम्स नेपाली राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा संक्षिप्त आर्थिक विवरण सहितको विवरण समेत उल्लेख गरी शेयरधनी महानुभावहरुलाई जानकारीको लागि प्रकाशित गरिएको थियो । यसै गरी बैंकको आधिकारीक website www.ctznbank.com मा मिति २०८०/०६/०५ गते सूचना प्रकाशित गरी सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**१. सभा भएको मिति, स्थान र समय**

सभा भएको मिति :-२०८० साल असोज महिना २६ गते (तदअनुसार अक्टोबर १३, २०२३) शुक्रबार
स्थान :-अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु भएको समय :- बिहान ११:०० बजे ।

**३. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५.७९ प्रतिशतका दरले हुन आउने रु. ८२,२१,६१,६५२.९६ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री **जे.के. एण्ड एसएस एसोसिएटस,** चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५ बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३(तीन) र समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १(एक) को निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न रा[illegible]

अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**४. उपस्थिति**

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | अध्यक्ष |
| २. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ३. | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ४. | श्री प्रबल जंग पाण्डे | सञ्चालक |
| ५. | श्री सजन शर्मा | सञ्चालक |
| ६. | श्री अनिल ज्ञवाली | सञ्चालक |

**४.२ उपस्थित अन्य पदाधिकारी :**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सुमित बाबु खत्री | बरिष्ठ नायव-प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री पारस कुमार काफ्ले | नायव-प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री राजेन्द्र लाल श्रेष्ठ | नायव-प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव/सूचना अधिकारी |
| ५. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत |
| ६. | श्री सुमन मुलेपति | प्रमुख कर्जा अधिकृत |
| ७. | श्री नारायण राज अधिकारी | प्रमुख प्रशासकीय अधिकृत/प्रवक्ता |
| ८. | श्री अमित खनाल | प्रमुख जोखिम अधिकृत |
| ९. | श्री रवि कुमार रौनियार | प्रमुख सञ्चालन अधिकृत/गुनासो सुन्ने अधिकारी |
| ७. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |
| १०. | श्री रोशन मानन्धर | प्रमुख मास बैंकिङ्ग अधिकृत |

**४.३ शेयरधनीहरुको उपस्थिति :**

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | १०४४ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | ४४४ |
| | जम्मा | १४८८ |

**५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| **विवरण** | **कूल संख्या** | **जम्मा उपस्थिति** | **कूल शेयरको प्रतिनिधित्व** |
|---|---|---|---|
| शेयरधनी संख्या | १,८०,५५३ | १४८८ | ५४.७५ प्रतिशत |
| सस्थापक समूह "क" | १,५०२ | ३३० | ४२.३१ प्रतिशत |
| सर्वसाधारण समूह "ख" | १,७९,०५१ | ११५८ | १२.४३ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | १४,२०,०९,७४०.०६ | | १००.०० प्रतिशत |

**६. सभाको वैधानिकता र सभाको सभापतित्व**

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम बैंकको सत्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या १०४४ जना, प्रोक्सी मार्फत ४४४ जना गरि कुल शेयरधनी १४८८ जना कुल शेयर कित्ता मध्ये शेयर कित्ता ७,७७,४६,७९,१०५.२८ उपस्थित भई ५४.७५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात् काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा बैंकको सत्रौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

**७. साधारण सभाको प्रस्तुती :**

७.१. सभाका सभापति ज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचीका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

७.२ तत्पश्चात् सभापति ज्यूले बैंकको सत्रौं वार्षिक साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :**

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सत्रौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री भक्ति प्रसाद उप्रेती
२. श्री व्यास कुमार शर्मा
३. श्री रोज कुमार श्रेष्ठ
४. श्री उद्धव प्रसाद घिमिरे
५. श्री इन्द्रकृष्ण श्रेष्ठ
६. श्री लवराज जोशी
७. श्री गोगन बहादुर पराजुली क्षेत्री
८. श्री शत्रुधन श्रेष्ठ
९. श्री मेजर कुवेर श्रेष्ठ
१०. श्री चन्द्र नारायण श्रेष्ठ
११. श्री उदयकान्त झा
१२. श्री निरुपमा गुप्ता
१३. श्री सुदिप श्रेष्ठ
१४. श्री युगल नारायण बसेल
१५. श्री कृष्ण प्रसाद अधिकारी (कश्यप)
१६. श्री दिपक प्रधान
१७. श्री डमरु बल्लभ घिमिरे

**८.३ छलफलमा लिखित मन्तव्य पेश गर्नु हुने शेयरधनी महानुभावहरुको नाम**

१. श्री बम्हदेव शाक्य
२. श्री दिवाकर खड्का

**९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वयम् आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**१. श्री भक्ति प्रसाद उप्रेती**

श्री उप्रेती ज्यूले मन्तव्यको शुरुवातमा नै आउदै गरेको विजयादशमी, शुभ दिपावली एवं नेपाल संवत तथा छठपर्वको अवसरमा सम्पूर्ण शेयरधनी तथा बैंक परिवारलाई शुभकामना व्यक्त गर्नुभयो । उहाँले तोकिएको समयमै वार्षिक साधारण सभा शुरू गरेर punctuality को नमुना देखिएकोमा धन्यवाद दिँदै भविष्यमा पनि यस्तै नमूना दोहोरियोस् भन्ने अपेक्षा गर्नुभयो । उहाँले बैंकले आगामी वर्ष कम्तिमा दोहोरो अंकको लाभांश दिने गरी रणनीति बनाउन सुझाव दिदै दशैं अघि नै साधारणसभा गर्ने गरेको परम्परालाई निरन्तरता दिएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले बैंकको कर्मचारी खर्च तथा अन्य सञ्चालन खर्च किफायती रहेको तथा सुशासनमा बैंक अब्बल रहेको भनाई व्यक्त गर्दै बैंकका सहायक कम्पनीहरू नाफामा रहेकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिनुभयो । उहाँले आफ्नो सुझावको क्रममा विभिन्न क्षेत्रमा बैंकको जोखिम बढेको उद्धृत गर्दै लेखापरीक्षण शुल्कको समीक्षा गरी लेखापरीक्षकको प्रतिवेदन पनि नेपाली भाषामा उपलब्ध गराउन सुझाव दिनुभयो । साथै उहाँले अपलेखित कर्जाको असुली र निष्क्रिय कर्जा ३ वर्षभित्रमा १% सम्ममा कायम गर्ने रणनीति बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले हाल बैंकको बरियताक्रम (Ranking) खुद मुनाफाको आधारमा गर्ने गरेको प्रचलन व्यवहारिक नदेखिएको उल्लेख गर्दै वितरणयोग्य मुनाफाको आधारमा बरियताक्रम (Ranking) गर्नुपर्ने सुझाव दिनुभयो । साथै लगानी र प्रतिफल सम्वन्धी सही सूचना नेपाल बैंकर्स एसोसिएसन (NBA) मार्फत आर्थिक पत्रकारहरुलाई सम्प्रेषण गर्न पहल गर्नुपर्ने तर्फ विशेष जोड दिनुभयो ।

अन्त्यमा, उहाँले साधारण सभाको ५ वटा साधारण प्रस्तावहरु र १ वटा विशेष प्रस्तावको समर्थन गर्दै साधारणसभाको सफलताको कामना गर्दै आफ्नो मन्तव्य टुङग्याउनु भयो ।

२ .**श्री व्यास कुमार शर्मा**

श्री शर्मा_ज्यूले हाल देखिएको देशको अवस्थालाई इङ्गित गदै यस्तो प्रतिकूल अवस्थामा पनि बैंकले सुरक्षित रूपमा आफ्नो व्यवसाय विस्तार गर्दै आएकोमा खुसी व्यक्त गर्दै दशैं अघि नै हात खाली नरहने गरी लाभांश वितरण गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले बैंकमा उत्कृष्ट सञ्चालकहरु, कार्यकारी प्रमुख तथा कर्मचारीहरु रहेको भन्दै आगामी दिनमा बैंकले मुद्दती खाताको ब्याजभन्दा कम नहुनेगरी लाभाशंको अपेक्षा गर्नुभयो ।

३. **श्री रोज कुमार श्रेष्ठ**

श्री श्रेष्ठ ज्यूले सूक्ष्म अध्ययन गर्ने बैंक मध्ये यस बैंक पनि रहेको, सुशासनमा पनि अब्बल रहेको कुरामा सहमति राख्दै लगानीकर्ताहरुलाई सुशासन मात्र नभई प्रतिफलसँग सम्वन्ध रहने कुरा व्यक्त गर्नुभयो । उहाँले हाल देखिएको राष्ट्रिय तथा अन्तराष्ट्रिय समस्या तथा चुनैतीहरुको वावजूत पनि बैंकले ५.७९% लाभांश वितरण गरेकोमा खुशी व्यक्त गर्दै अहिलेकै परिस्थिति कायम रहेमा आगामी वर्षको प्रतिफलमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले सञ्चालन मुनाफामा आएको कमीले खुद मुनाफा, प्रतिशेयर आम्दानीमा गिरावट आएको तथा निष्क्रिय कर्जाको वृद्धिका साथ साथै प्रति कर्मचारी खर्चमा वृद्धि, प्रति कर्मचारी आम्दानीमा आएको संकुचनका वावजूत बैंकले गरेको मेहनतका लागि धन्यवाद दिँदै यस्ता समस्याहरूसँग जुध्दै अघि बढ्ने कुरामा विश्वास व्यक्त गर्नुभयो ।

४. **श्री उद्धव प्रसाद घिमिरे**

श्री घिमिरे ज्यूले आफ्नो सभामा हार्दिक अभिवादन गर्दै हाल कायम रहेको खुद मुनाफाको अनुपातमा वितरण गर्न घोषणा गरिएको लाभांश स्वागतयोग्य रहेको भन्दै आगामी वर्षमा नगद लाभांश तथा बोनस शेयरको अपेक्षा गर्नुभयो । साथै बैंकले स्वदेशमा मात्र नभई अन्तराष्ट्रिय स्तरमा पनि आफ्नो व्यवसाय विस्तार गर्न विभिन्न मुलुकमा सम्पर्क कार्यालयहरु स्थापना गर्न तथा Business Procsss Managemat तथा Digital Banking तर्फ चुस्त दुरुस्तका साथ अघि बढ्न ध्यानाकर्षण गर्नुभयो । उहाँले Letter of Credit को पोर्टफोलियों तथा Foreign Exchange Income कम रहेकोले उक्त आम्दानी बढाउन ध्यान दिनुपर्ने सुझाव दिनुभयो । उहाँले अहिलेको लाभांश थोरै देखिएपनि विगत ५ वर्षदेखिको लाभांश वितरणको अवस्था हेर्दा नियमित नै भईरहेको कुरा राम्रो भएको भन्दै आगामी वर्षमा लाभांश वितरण गर्दा नगद लाभांश तथा बोनस शेयरको अनुपात बराबर हुने गरी वितरण गर्न सुझाव दिनुभयो । अन्त्यमा, बैंकले आफ्नो भवनबाट शाखा सञ्चालन विस्तार गर्दा बैंकको छवि राम्रो हुने बताउँदै समयमै साधारणसभा आयोजना गरेकोमा सम्वन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

५. **श्री इन्द्र कृष्ण श्रेष्ठ**

श्री श्रेष्ठ ज्यूले बैंकमा रहनु भएका सक्षम सञ्चालक, कार्यकारी प्रमुख तथा कर्मचारीहरुको मेहेनतले बैंकले दशैं अघि नै लाभांश वितरण गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले सुझावको क्रममा बैंकको खर्च वृद्धि भएको कुरामा जोड दिँदै साना लगानीकर्ताहरुलाई समेत मध्यनजर गरी लाभांश प्रस्ताव गर्न आग्रह गर्नुभयो । मन्तव्यको अन्त्यमा उहाँले बोनस शेयर वितरण गर्दा राम्रो हुने राय व्यक्त गर्नुभयो ।

६. **श्री लवराज जोशी**

श्री जोशी ज्यूले आफ्नो मन्तव्यको क्रममा जिम्मेवारीमा रहनुभएका सञ्चालक समिति, कार्यकारी प्रमुख, व्यस्थापनलाई अभिवादन गर्दै आउँदै गरेको चाडपर्व विजयादशमी, शुभ दिपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा सुस्वास्थ्यको कामना गर्नुभयो । बैंकले समयमै आफ्नो साधारणसभा सम्पन्न गरेकोमा खुसी व्यक्त गर्दै बैंकले प्रदान गर्ने लाभांश मुद्दती निक्षेपको व्याजदर भन्दा कम नहोस् भन्ने आकांक्षा राख्नुभयो । उहाँले कर्जाको अपलेखन तथा असुलीमा देखिएको चुनौतिलाई औल्याउँदै आगामी दिनमा लगानी कसरी गर्ने र



CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office

सोही अनुसारको प्रतिफल कति दिने भन्ने रणनीतिक योजना बनाई कार्यान्वयन गर्न सुझाव दिनुभयो । उहाँले ICAN ले तोकेको न्यूनतम लेखापरीक्षकको पारिश्रमिकको सन्दर्भमा नपाल बैंकर्स एसोसिएसनको पहलमा एकरुपता हुनुपर्नेमा जोड दिनुभयो । त्यसैगरी हाल कायम रहेका १८८ शाखाहरु मध्येका उत्कृष्ट शाखाहरु तथा कर्मचारीहरुलाई पुरस्कृत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले मर्जर तथा प्राप्तिको विषयमा जिज्ञासा राख्दै बैंकको प्रगतिमा मर्जर मात्र विकल्प नभई आफ्नै प्रभुत्वमा बैंक अघि बढ्नुपर्नेमा जोड दिनुभयो । अन्त्यमा बैंकको साधारणसभाको सफलता तथा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो मन्तब्य टुङग्याउनु भयो ।

७. **श्री गोगन बहादुर पराजुली क्षेत्री**

श्री पराजुली ज्यूले नजिकिएको चाडपर्वको शुभकामना व्यक्त गर्दै बैंकको प्रतिफल घट्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो । त्यसैगरी हाल प्रस्ताव गरिएको नगद लाभांश मात्र दिएकोमा चित्त नबुझेको कुरा व्यक्त गर्दै आगामी वर्षमा बोनस शेयर सहित दोहोरो अंकको लाभांशको अपेक्षा गर्नुभयो । त्यसैगरी उहाँले आफ्नो बैंकको नाम कायमै रहनेगरी उपयुक्त संस्थासँग मर्जर तथा प्राप्तिमा जानको लागि आफ्नो सहमति रहेको कुरा व्यक्त गर्नुभयो । हाल रहेको कर्जा नोक्सानी व्यवस्था तथा निष्क्रिय कर्जामा गम्भीरतापूर्वक ध्यान पुऱ्याउन आग्रह गर्नुभयो । उहाँले आर्थिक वर्षको ३ महिना भित्रै लाभांश वितरण गरेकोमा धन्यवाद दिँदै आउदै गरेको चाडपर्वहरुको शुभकामना दिनुभयो ।

८. **श्री शत्रुधन श्रेष्ठ**

श्री श्रेष्ठ ज्यूले बैंकले विगत १७ वर्षदेखि नागरिकको निक्षेप सुरक्षित गरी प्रगति गर्दै आएको तथा गत २ आर्थिक वर्षमा बाहेक अघिल्ला आर्थिक वर्षहरूमा वोनस शेयर पनि वितरण गरेको कुरा स्मरण गर्नुभयो । बैंकले सरकारी राजश्वमा उल्लेख्य योगदान गरेतापनि सम्बन्धित निकायबाट उचित साथ सहयोग तथा सुविधा प्राप्त नभएको गुनासो व्यक्त गर्नुभयो । उहाँले मन्तव्यको क्रममा बैंक मर्जरमा जान नहुने कुरामा विशेष जोड दिँदै आगामी वर्षहरुमा कम्तिमा मुद्दती निक्षेपको ब्याज बरावरको लाभांशको अपेक्षा राख्दै यस बैंक सगरमाथाको शिखर जस्तो उच्च होस् भनि उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

९. **श्री मेजर कुवेर श्रेष्ठ**

श्री श्रेष्ठ ज्यूले आफूले माया गरेको बैंक प्यारो रहेकोले बैंक कतै बिग्रिएला भन्ने चिन्ता व्यक्त गर्दै बैंकले दिने लाभांश कम्तिमा पनि मुद्दती निक्षेपमा प्रदान गरिने व्याजदर भन्दा कम नहुने गरी लाभांश वितरण गर्न आग्रह गर्नुभयो । उहाँले सुझाव दिने क्रममा निष्क्रिय कर्जालाई असुली गरी कम गर्दै लैजानुपर्ने तथा बैंकको वार्षिक प्रतिवेदनमा प्रकाशित शेयरधनीहरुको विवरणमा शेयरधनीको नामको साथसाथै ठेगाना पनि खुलाउन अनुरोध गर्नुभयो । साथै उहाँले बैंकहरुको कानूनी सल्लाहकार एकै व्यक्ति मात्र नभई फरक फरक व्यक्ति हुनुपर्ने कुरामा जोड दिँदै हालको परिस्थितिलाई मध्यनजर गर्दै बैंकको भावी योजना बारे आफ्ना जिज्ञासा राख्नुभयो । अन्त्यमा, बैंकले आफ्ना शेयरधनीहरूसँग अझ थप आत्मियता कायम राख्दै जानुपर्ने, प्रमुख कार्यकारीले शेयरधनीहरुले भेट्न चहाँदा सहजै भेट्ने वातावरण मिलाउनुपर्ने धारणा व्यक्त गर्दै आउँदै गरेको दशैं, तिहार, छठको शुभकामना व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

१०. **श्री चन्द्र नारायण श्रेष्ठ**

श्री श्रेष्ठ ज्यूले घटस्थापना अघि नै वार्षिक साधारणसभा गरेकोमा धन्यवाद दिँदै अन्य बैंकको तुलना गर्दा यस बैंकले दिएको लाभांश सन्तोषजनक नै रहेको कुरा बताउनुभयो । उहाँले मन्तव्यको क्रममा बैंकबाट कर्जा लिनेहरुको ग्राहक संख्या घटेको उल्लेख गर्दै कस्ता प्रकृतिका कर्जा लिने ग्राहकको संख्यामा कमि आएको भन्ने जिज्ञासा व्यक्त गर्नुभयो । समग्र बैंकिङ्ग क्षेत्रको विभिन्न सूचकहरूको औषतको आधारमा यस बैकको सूचकहरु

कम रहेको बताउँदै उक्त क्षेत्रमा सुधार गर्नको लागि उपयुक्त रणनीति अपनाउन आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**११. श्री उदयकान्त झा**

श्री झा ज्यूले सहयोगी विकास बैंकलाई यस बैंकमा समाहित गराएकोमा गुनासो र चिन्ता लागेको धारणा व्यक्त गर्दै सबै शेयरधनीहरुले समाहित हुनुपुर्व प्राप्त गरेको प्रतिफल र लाभांशको दर भन्दा यहाँ समाहित भए पश्चात् शेयरधनीले प्राप्त गर्ने लाभांश प्रत्येक वर्ष घटोत्तरी हुँदै गएकोले शेयरधनीहरुको गम्भीर चिन्ता र चासो रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले सो तर्फ विशेष ध्यान दिन ध्यानाकर्षण गराउँदै बैंकको मुद्दती निक्षेपको ब्याजदर भन्दा कम लाभांश घोषणा गरेकोमा आगामी वर्षमा उक्त लाभांश दर कम हुन नदिन विशेष ध्यानाकर्षण गराउनुभयो । उहाँले बैंकको वित्तीय सूचकहरु विश्लेषण गर्दा बैंकका समग्र वित्तीय सूचकहरु राम्रो नरहेको र हाल कायम रहेका २० वटा वाणिज्य बैंक मध्ये सूचकको हिसाबले यो बैंक सोह्रौं स्थानमा रहेको देखिन्छ । तसर्थ, घट्दो क्रममा रहेको स्थानलाई सुधार गर्नको लागि उल्लेखित सूचकहरु बढोत्तरी हुनेगरी काम गर्न, Goodwill बढाउन, Staff Turnover कम गर्न, खर्चमा मितव्ययिता अपनाउन तथा अनावश्यक शिर्षकमा भएका खर्च कटौति गर्न सुझाव दिनुभयो । बैंकले कर्जा अपलेखन गरेको रकमको अंश ठूलै देखिएको छ । कर्जा अपलेखन गर्नुपर्ने परिस्थिति कसरी आयो ? सो तर्फ आगामी वर्षमा विशेष ध्यान दिई कर्जा असुल उपरको लागि सञ्चालक समिति देखि व्यवस्थापन र तत् सम्बन्धी विभाग विशेष चनाखो रहेर क्रियाशील भई कर्जा असुल गरेर कर्जा असुल उपर तर्फ सक्रिय भई कर्जा अपलेखन गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने भन्नुभयो । यसैगरी, अन्त्यमा उहाँले बैंकले हाल प्रस्ताव गरेको नगद लाभांश alarming रहेकोमा चिन्ता व्यक्त गर्दै "Better Later than Never" भन्ने भनाईलाई उद्धृत गर्दै समयमै सचेत भई दिर्घकालीन रणनीति बनाई अघि बढ्न आग्रह गर्नुभयो ।

**१२. श्री निरुपमा गुप्ता**

श्री गुप्ता ज्यूले बैंकका समग्र सूचकांकहरु सन्तोषजनक नै रहेको बताउँदै बैंकले वितरण गरेको ५.७९% लाभांशको लागि धन्यवाद व्यक्त गर्नुभयो । उहाँले बैंकको Future Planning तथा Investment Policy तर्फ जिज्ञासा राख्दै बैंकको खर्च समय सापेक्ष भएको हुँदाहुँदै खर्चमा केहि मितव्ययी अपनाउन सके शेयरधनीले अझ राम्रो प्रतिफल पाउन सक्ने कुरा व्यक्त गर्नुभयो । उहाँले बैंकको NPL को प्रतिशत घटाउन प्रयास गर्न आग्रह गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना सहित दशैं अघि नै लाभांश राखिदिन अनुरोध गर्नुभयो ।

**१३. श्री सुदिप श्रेष्ठ ज्यू**

श्री श्रेष्ठ ज्यूले यस बैंकले प्रस्ताव गरेको नगद लाभांश सन्तोषजनक नरहेको भन्दै आगामी वर्ष हाल प्रस्तावित लाभांश भन्दा बढी हुनेगरी लाभांश प्रदान गर्न आग्रह गर्नुभयो । बैंक चुक्तापूँजीको आधारमा समग्र बैंकिङ क्षेत्रमा १३ औं स्थानमा रहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले शाखा सञ्जाल विस्तार गर्दा उचित प्रतिफल आउने गरी लगानी गर्न आग्रह गर्नुभयो । अन्त्यमा, यस बैंकले समयमा नै आफ्नो साधारणसभा सम्पन्न गरेकोमा धन्यवाद दिँदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

**१४. श्री युगल नारायण बसेल ज्यू**

श्री बसेल ज्यूले समयमा नै साधारणसभा सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी वर्ष असोज पहिलो सातामा नै साधारणसभा गर्न आग्रह गर्नुभयो । उहाँले मन्तव्यको क्रममा लाभांश वितरण १०% भन्दा कम भएकाले राम्रो नभएको, विभिन्न सूचकहरु घटेको अवस्थामा समेत जगेडा कोषमा भएको बढोत्तरी तारिफ योग्य रहेको कुरा व्यक्त गर्नुभयो । अहिले बैंकले दिएको लाभांश छिटो खातामा पठाउन आग्रह गर्दै उत्साहपूर्ण नतिजाको लागि उपयुक्त योजना बनाउन आग्रह गर्नुभयो । उहाँले बैंकले प्रगति गर्नको लागि आजैदेखि प्रयास

गर्न र व्यवस्थापनले प्रतिवद्ध भई दृढ अठोटका साथ अगाडि बढ्न आग्रह गर्नुभयो । अन्त्यमा आउँदै गरेको चाडपर्वको शुभकामना व्यक्त गर्नुभयो ।

**१५. श्री कृष्ण प्रसाद अधिकारी (कश्यप)**

श्री अधिकारी ज्यूले ओम स्वस्ति शान्तिबाट आफ्नो मन्तव्य शुरू गर्दै मातृभाषामा बैंकको वार्षिक प्रतिवेदन आएकोमा खुसी व्यक्त गर्दै लेखापरीक्षकको प्रतिवेदन पनि नेपाली भाषामा आओस् भन्ने अपेक्षा राख्नुभयो । उहाँले बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका सहयोगहरूको विवरण खुलाउन आग्रह गर्दै वार्षिक प्रतिवेदनमा भएका कमीकमजोरीलाई सुधार गर्दै अगाडि बढ्न आग्रह गर्नुभयो । उहाँले लाभांश घट्दै गएको तर्फ इङ्गित गर्दै अझ मेहनतका साथ अगाडि बढ्दै खर्चमा मितव्ययिता अपनाउन आग्रह गर्नु भयो ।

**१६. श्री दिपक प्रधान**

श्री प्रधान ज्यूले सही समय र स्थानमा साधारणसभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी वर्षमा पनि निरन्तरता दिन आग्रह गर्नुभयो । उहाँले लाभांश दर बढ्दै जानुपर्नेमा घट्दै गएकोमा चिन्ता व्यक्त गर्दै आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा गर्नुभयो । उहाँले मर्ज गर्दा भविष्यमा कुनै नकारात्मक असर नआउने गरी राम्रो संस्थाहरूसँग मर्ज गर्न सुझाव दिँदै कुनै संस्थासँग मर्ज गर्न लागेको भए सोको जानकारीको माग गर्नुभयो । अन्त्यमा, बैंकले अझ प्रगति गर्नको लागि आक्रामक रूपमा कर्जा प्रवाह गरी मुनाफा वृद्धि गर्न उहाँले सुझाव दिनुभयो ।

**१७. श्री डमरू बल्लभ घिमिरे**

श्री घिमिरे ज्यूले शेयरधनी महानुभावहरूले यसै हचुवाको भरमा नभई समग्र परिस्थितिको मूल्यांकन गरी आफ्नो मन्तव्य व्यक्त गर्न आग्रह गर्दै बैंकले यस्तो विषम परिस्थितिमा पनि घोषणा गरेको लाभांश प्रति खुसी व्यक्त गर्दै धन्यवाद व्यक्त गर्नुभयो । उहाँले मन्तव्यको क्रममा आफूसँगै आएका समकक्षी बैंकहरुको अवस्था हेर्न आग्रह गर्दै यस बैंक दुई अर्वको पूँजीबाट १४ अर्वको पूँजीमा आइपुगेकोमा खुसी व्यक्त गर्दै व्यवस्थापन सञ्चालक प्रति आभार व्यक्त गर्नुभयो । उहाँले बैंकका अध्यक्ष तथा व्यवस्थापनको मेहनतका कारणले बैंक यो अवस्थामा आइपुगेको भन्दै Day 1 देखि नै लाग्नुभएका सबैजनालाई धन्यवाद व्यक्त गर्दै आउँदै गरेको चाडपर्वहरुको शुभकामना सहित आफ्नो मन्तब्य टुङ्ग्याउनुभयो ।

९.१ छलफलमा लिखित मन्तव्य दिनहुने शेयरधनी महानुभावहरुको नामावली :

**१. श्री बम्हदेव शाक्य**

श्री शाक्य ज्यूले साधारणसभामा निम्न रुपमा लिखित मन्तव्य दिनुभएको थियो ।

क. व्यवसाय वृद्धि गर्न व्यवसायको दायरा बढाउन सञ्चालक खर्चमा वृद्धि गरिएता पनि राष्ट्रिय र अन्तराष्ट्रिय यावत कारणले व्यवसायमा संकुचन आउन गई मुनाफामा व्यापक असर परेतापनि महान चाड दशैंको संघारमा साधारणसभा बोलाई ५.७९% का दरले नगद लाभांश प्रस्ताव गरी दशैं उल्लासमय बनाउने काम गर्नुहुने सबैलाई धन्यवाद दिई सो प्रस्तावको सहृदयी समर्थन गर्दछु ।

ख. आ.व. २०७८/०७९ मा यस बैंकका सहायक कम्पनी सिटिजन क्यापिटल लि.को घाटा ५ लाख भएर पूर्णिमाको चन्द्रमामा दाग देखिए झैं भएकोमा आ.व. ०७९/०८० मा २ करोड ५२ लाख ८२ हजार खुद मुनाफा गरेर उदाउँदो सुर्य झै बन्न सफल पार्नु हुने सबैलाई धन्यवाद दिन चाहन्छु । यसले हामीलाई जाडो महिनाको पारिलो घामको न्यानो दिने कुरामा ढुक्क त्यस्तै CIBL Securities ले पनि शेयर खरिद बिक्री गर्ने कार्यमा बहुजन हिताय बहुजन सुखायको मूल मन्त्रलाई अगिंकार गरोस् भन्ने कामना गर्दछु ।

ग. यस सभामा पनि Merger, Acquisition लगायतको विशेष प्रस्ताव गरिएको सन्दर्भमा अब राष्ट्र बैंकले त्यसका लागि कडा नीति तत्काल बनाउने नदेखिएकोले त्यस कार्यमा हतारमा निर्णय गरि फुर्सदमा पछुताउन

नपर्ने गरि मात्र निर्णय लिनुहुन अनुरोध गर्दछु साथै मेरो व्यक्तिगत विचारमा हाल यो एजेन्डा आवश्यक देखिदैन ।

घ. बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको कार्यहरु अनुमोदन गर्दछु । यस्ता कार्यलाई निरन्तरता दिई हामीलाई आत्मसन्तोष दिलाई नै रहोस ।

ङ. अहिले आन्तरिक तथा बाह्य कारणले मुद्रास्फिति, मन्दी आदि कारणले आम नेपालीको क्रयशक्तिमा ह्रास आई समग्र देशको अर्थतन्त्रमा शिथिलता आई रहेको छ । तसर्थ, अहिलेको स्थितिमा व्यवसाय आक्रामक बनाउन भन्दा रक्षात्मक अवस्थामा नै हुनु उचित देखिन्छ । समय परिवर्तनशिल छ । संकट समाधान पछि संमृद्धि आउने नै छ ।

बैंकको उन्नति र प्रगतिका लागि काम गर्ने सञ्चालक समिति, व्यवस्थापन समुह एवं कर्मचारीहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनहरु अझ शुभ बन्दै जाओस् । सबैको मंगल होस् ।

२. **श्री दिवाकर खड्का**

क. यस बैंकले १७ औ वार्षिक साधारणसभामा अपेक्षित लाभांश दिन नसके पनि वाणिज्य बैंकहरुमा सर्वप्रथम साधारणसभा आव्हान गरी शेयरधनीहरुलाई महान पर्व दशैं अगावै लाभांश वितरण गर्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु ।

ख. जहिले पनि लगानीकर्ताहरुको अपेक्षा मुद्दती खाताको व्याजदर वा सो भन्दा बढि नै हुने गर्दछ । यस बैंकले ५.७९% लाभांश प्रस्ताव गरेको छ । यस पटक राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा लगानीको वातावरण अनुकुल नभएको तथा समग्र क्षेत्र नै आर्थिक मन्दिको चपेटामा रहेको छ । आगामी वर्ष १०% वा सो भन्दा वढी लाभांशको अपेक्षा गर्दछु ।

ग. सिटिजन्स बैंकले केही क्षेत्रमा विकास बैंक र फाइनान्सलाई गाभे पनि अन्य ठूला बैंकहरु मर्ज भई प्रतिस्पर्धामा उत्रन नसकेको अनुभुति भएको छ । उचित पार्टनर खोजेर मर्जरमा जानुको विकल्प देखिएन ।

अन्तमा १७ औं वार्षिक साधारणसभाको सफलताको शुभकामना सहित विदा चाहन्छु ।

१०. **शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष राजन सिंह भण्डारी ज्यूले व्यक्त गर्नु भएको प्रश्नहरु तथा सुझाव सम्बन्धमा गर्नुभएको सम्बोधन** :

अध्यक्ष ज्यूले साधारणसभामा शेयरधनी महानुभावहरूले उठाउनु भएको जिज्ञासा तथा सुझाव उपर आफ्नो जवाफ दिने क्रममा शेयरधनी महानुभावहरुबाट आएका सुझावहरु कतिपय राम्रा तथा सत्य तथ्यमा आधारित रहेको र कतिपय सुझावहरु वास्तविकतामा आधारित नरहेकोले राम्रा र वास्तविकतामा आधारित सुझावहरुलाई आगामी दिनमा मार्गदर्शनको रुपमा ग्रहण गदै लागु गदै जाने प्रतिवद्धता व्यक्त गदै सभालाई आश्वस्त पार्नुभयो । त्यसैगरी शेयरधनी महानुभावहरूबाट सभामा मर्जर र प्राप्ति सम्बन्धी आएका जिज्ञासाका सम्बन्धमा बैंक 'क' वर्गको बैंकसँग मर्जरमा जान खुला रहेको र 'ख' र 'ग' वर्गका बैंकहरुलाई प्राप्ति गर्न प्राथमिकतामा राखिएको उल्लेख गदै 'क' वर्गका बैंकहरुको मर्जर र प्राप्ति त्यति सकारात्मक नभएको धारणा व्यक्त गर्नुभयो । उहाँले देशको अर्थतन्त्रमा नकारात्मक असर परेको कुरालाई जोड दिँदै समग्रमा बैकिङ्ग क्षेत्रमा जोखिम बढेको कुरालाई स्वीकार गर्नुभयो । यसैगरी, कर्जा अपलेखनको विषयमा कर्जा असुली गर्ने अधिकारलाई यथावत कायम राखी हरहिसाबहरू लेखाङ्कन गरिएको र यसले बैंकको निष्कृय कर्जाको व्यवस्थापन गर्न सघाउने कुरा प्रष्ट पार्नुभयो । उहाँले बैंकको स्थापनाकाल देखि हालको अवधी अर्थात् आ.व. ०७९/०८० को असार मसान्तसम्म सबै विभिन्न सूचकांङ्कहरुको सुक्ष्म विश्लेषण गर्ने हो भने बैंकका सम्पूर्ण सूचकांङ्क अत्यन्तै सवल र मजवूत रहेका छन् जुन विश्लेषण मैले यहाँहरु समक्ष प्रस्तुत गरेको छु सो सम्बन्धमा १० वर्ष पछाडि पनि छलफल गर्दा पनि वास्तविक नै देखिने र प्रमाणित हुनेछ । तसर्थ बैंकको स्वथ्य जीवन्त अत्यन्त स्थिति राम्रो रहेको उल्लेख गर्दै भविष्यको मूल्याङ्कन गर्दा पनि बैंकले अझै राम्रो गर्ने कुरा प्रतिबद्धता व्यक्त गदै सभालाई आश्वस्त पार्नुभयो । अन्त्यमा, अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुलाई आफ्ना जिज्ञासा तथा सुझावहरू राख्न बैंक सदैव खुल्ला रहेकोले साधारण सभा नै कुर्नु नपर्ने जुनसुकै



CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेसनल लि.

समयमा पनि तयार रहेको जानकारी दिँदै सक्रिय सहभागिताको लागि धन्यवाद ज्ञापन गर्दै छलफलको कार्यक्रम टुङ्ग्याउनु भयो ।

**११. सत्रौं वार्षिक साधारण सभाका निर्णयहरु :**

**(क) <u>साधारण प्रस्तावहरु</u>**

**१. आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**
सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५.७९ प्रतिशतका दरले हुन आउने रु. ८२,२१,६१,६५२.९६ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ५.७९ प्रतिशतका दरले हुन आउने रु. **८२,२१,६१,६५२.९६** बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री जे.के. एण्ड एसएस एसोसिएटस, चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।**

आर्थिक वर्ष २०८०/०८१ को लागी वाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम बैंकको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री **जे. के. एण्ड एसएस एसोसिएटस, चार्टर्ड एकाउन्टेन्ट्स** लेखापरिक्षणको लागि कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्त गर्न योग्य देखिएको हुंदा निजलाई देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी मूल्य अभिबृद्धि कर बाहेक रु. २५,००,०००/- (अक्षेरुपी रुपैयाँ पच्चिस लाख मात्र) पारिश्रमिक पाउने गरी बैंकको लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

1. Statutory Audit
2. Long Form Audit Report
3. Tax Audit
4. Certification under section 78 of the Company Act, 2063.
5. Certification of Corporate governance annual report
6. Certification of Compliance report



CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

**५. बैंकको नियमावली अनुसार समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३(तीन) र समूह 'ख' का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद १(एक) को निर्वाचन गर्ने ।**

बैंकको नियमावली अनुसार ४ वर्षको कार्यकालको लागि समूह 'क' का संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालक पद ३ (तीन) को लागि श्री प्रबल जंग पाण्डे ज्यू-१, श्री सजन शर्मा ज्यू-१ , श्री दिग्विजय बिष्ट ज्यू समेत ३ जना निर्विरोध निर्वाचित हुनु भएको र समूह 'ख' सर्वसाधारण समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद १(एक) को लागि श्रीमति सीता कार्की (के.सी.) ज्यू- १ जना निर्विरोध निर्वाचित हुनु भएकोले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**ख. विशेष प्रस्तावहरु**

**१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै सत्रौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो २:०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| श्री राजेन्द्र लाल श्रेष्ठ<br>कम्पनी सचिव | CITIZENS BANK INTERNATIONAL LTD.<br>Citizens<br>YOUR PARTNER FOR PROGRESS<br>Corporate Office<br>सिटिजन्स बैंक इन्टरनेसनल लि. | श्री राजन सिंह भण्डारी<br>अध्यक्ष |